बैठक संख्याः २७।२०८२

बैठक मितिः २०८३।१।३ गते, समयः बिहान ११:०० बजे

स्थानः सप्तकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

आज मिति २०८३।१।३ गते, विहिवार बिहान ११:०० बजे सप्तकोशी नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद ढकालज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरू माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद ढकाल | नगर प्रमुख-अध्यक्ष | | |
| २ | श्री रिता कुमारी चौधरी | नगर उपप्रमुख | | |
| ३ | श्री सिता कुमारी चौधरी | का.वा.वडा अध्यक्ष | १ | |
| ४ | श्री जाहिर हुसेन | वडा अध्यक्ष | २ | |
| ५ | श्री देवकान्त गोजेवार | वडा अध्यक्ष | ३ | |
| ६ | श्री जयराम खंग | वडा अध्यक्ष | ४ | |
| ७ | श्री गोसाई चौधरी | वडा अध्यक्ष | ५ | |
| ८ | श्री नन्दी लाल चौधरी | वडा अध्यक्ष | ६ | |
| ९ | श्री जितन चौधरी | वडा अध्यक्ष | ७ | |
| १० | श्री केदार प्रसाद साह | वडा अध्यक्ष | ८ | |
| ११ | श्री राजेन्द्र कुमार यादव | वडा अध्यक्ष | ९ | |
| १२ | श्री हरी लाल साह | वडा अध्यक्ष | १० | |
| १३ | श्री डोलेश्वर खङ्गा | वडा अध्यक्ष | ११ | |
| १४ | श्री मनो कुमारी चौधरी | कार्यपालिका सदस्य | ३ | |
| १५ | श्री राजेन्द्र वि.क. | कार्यपालिका सदस्य | २ | |
| १६ | श्री रमेश प्रसाद साह | कार्यपालिका सदस्य | ८ | |
| १७ | श्री ललिता देवी खङ्ग | कार्यपालिका सदस्य | ९ | |
| १८ | श्री प्रभा कुमारी चौधरी | कार्यपालिका सदस्य | ५ | |
| १९ | श्री संझा कुमारी चौधरी | कार्यपालिका सदस्य | ६ | |
| २० | श्री शान्ति देवी यादव | कार्यपालिका सदस्य | १० | |
| २१ | श्री संजु देवी चौधरी | कार्यपालिका सदस्य | ११ | |
| २२ | श्री पुरुषोत्तम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | | |
| आमन्त्रित एवं सहयोगी कर्मचारीहरू | | | | |
| १ | श्री प्रकाश सुवेदी | अधिकृत सातौं | | |
| २ | श्री कविता वस्नेत | लेखा अधिकृत | | |

वैठक संख्या: २७।२०८२

वैठक मितिः २०८३।१।३ गते, समयः बिहान ११:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| ३ | श्री लोकेश चन्द्र पैकरा | इन्जिनियर सातौं | | |
| ४ | श्री किशोर कुमार यादव | इन्जिनियर छैठौं | | |

<u>प्रस्तावहरू</u>

१. प्रस्ताव नं. १ : नगर कार्यपालिका वैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्वन्धमा ।

२. प्रस्ताव नं. २ : राष्ट्रिय खाद्य वैंक लि.संग सहकार्य गर्ने सम्वन्धमा ।

३. प्रस्ताव नं. ३ : सडक योजनाको DPR सम्वन्धमा ।

४. प्रस्ताव नं. ४ : त्रियुगा मोक्षघाम निर्माणको IEE को कार्यसूची स्वीकृति सम्वन्धमा ।

५. प्रस्ताव नं. ५ : अध्ययन अवलोकन भ्रमणको समीक्षा सम्वन्धमा ।

६. प्रस्ताव नं. ६ : दैनिक ज्यालादारीमा कुचिकारको कामकाज लगाउने सम्वन्धमा ।

७. प्रस्ताव नं. ७ : काठमाण्डौ विश्व विद्यालयसंग सहकार्य गर्ने सम्वन्धमा ।

<u>निर्णयहरू</u>

<u>निर्णय नं. १</u>

ससकोशी नगरपालिकाको अघिल्लो नगर कार्यपालिका वैठकवाट भएका निर्णयहरू कार्यान्वयनको सम्वन्धमा समीक्षा गरियो ।

<u>निर्णय नं. २</u>

राष्ट्रिय खाद्य वैंक लि., केन्द्रिय कार्यालय काठमाडौंको प.सं. ०८२।८३, च.नं. २०५, मिति २०८२।१२।१९ गतेको पत्रमा उल्लिखित तपसिल अनुसारका कार्यक्रम, गतिविधि तथा कार्यहरू सञ्चालन तथा कार्यान्वयनमा सहकार्य गर्ने प्रतिवद्धता सहित जानकारी प्राप्त भएको हुँदा तपसिलमा उल्लिखित कार्यक्रम, गतिविधि तथा कार्यहरू सञ्चालन तथा कार्यान्वयनमा सहकार्य गर्ने प्रतिवद्धता पत्रको विषय वैठक समक्ष जानकारी भयो ।उक्त सम्वन्धमा राष्ट्रिय खाद्य वैंक लि.वाट ससकोशी नगरपालिकामा संचालन हुने देहायका कार्यक्रममा ससकोशी नगरपालिकावाट आवश्यक समन्वय, साझेदारी एवं सहकार्य गर्ने र कृषि उपजहरु उपलव्ध गराउन ससकोशी ईन्ट्रिगेटेड फर्म/कम्पनी ससकोशी न.पा.वडा नं.७ लाई सिफारिस गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

१. देशभरका पालिकाहरू मध्ये ससकोशी नगरपालिकालाई यस वैंकको उत्कृष्ट साझेदार तथा सहकार्यको नमुनाको रूपमा स्थापित गर्ने ।

बैठक संख्याः २७।२०८२

बैठक मितिः २०८३।१।३ गते, समयः बिहान ११:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

२. पालिका भित्रका कृषकहरूलाई कृषि उत्पादन साथै प्रशोधन, प्याकेजिङ्ग तथा बजारीकरण सम्बन्धित विषय वस्तुहरूको ज्ञान, सीप अभिवृद्धि, तालिम सहजीकरण।
३. राष्ट्रिय खाद्य बैंक (आरकेबी) मार्ट स्थापना मार्फत अन्नवाली, दलहन र तेलहन बाली लगायतका अन्य कृषि उपज सङ्कलन, भण्डारण तथा खरिद बिक्री ।
४. राष्ट्रिय खाद्य बैंक (आरकेबी) रिसर्च एण्ड डेभलपमेन्ट सेन्टर मार्फत रैथाने तथा स्थानीय बाली नालीको संरक्षण, उत्पादन प्रवर्द्धन तथा बीउ बिजन अध्ययन, अनुसन्धान तथा पालिकाको दिगो रणनीतिक कृषि योजना निर्माणमा सहयोग ।
५. प्राँगारिक (अगार्निक) खेती प्रणालीलाई स्थापित गर्न आवश्यक कार्यहरूमा सहकार्य ।

**निर्णय नं. ३**

चालु आ.व. २०८२।०८३ मा ससकोशी नगरपालिका भित्रको निम्न सडकहरुको DPR गर्नको लागि डिजिकोन ईन्जिनियरिङ्ग कन्सल्ट प्रा.लि. सानेपा ललितपुरसंग संम्झौता भई कार्य संचालन भएकोमा उक्त फर्मले तयार गरी पेश गरेको DPR को प्रतिवेदन कार्यपालिका बैठक समक्ष प्रस्तुत भई स्वीकृति गरियो ।

साथै, विभिन्न योजनाहरुको IEE/DPR ( मोक्ष धाम निर्माण समेत) शिर्षकमा विनियोजित वजेटवाट ससकोशी नगरपालिका भित्रका देहायका सडकहरुको क्रमश : DPR र IEE गरी सम्वन्धित निकायहरुमा वजेट व्यवस्थापनको लागि अनुरोध गरी पठाउने र DPR र IEE गर्न अपुग वजेटको दायित्व नगरपालिकाले व्यहोर्ने निर्णय गरियो ।

तपसिल

DPR को प्रतिवेदनको Presentation

| S.N. | Road Name |
|---|---|
| 1 | तुलसी चोक देखि मुसहरी वस्ती हुँदै वडा नं.२ को सिमानासम्म र वडा नं. ७ को वडा कार्यालय हुँदै वडा नं.८ को अधुरो पिच कोशीलाल टोल राजकुमारी चौधरीको घरजाने वाटो कालोपत्रेसम्म र वडा नं.९पाटन टोल हुँदै खङ्ग टोल अधुरो कालो पत्रेसम्मको सडक कालो पत्रे |

DPR गर्ने सडकहरुको विवरण र सम्वन्धित निकायमा वजेट व्यवस्थापनको लागि अनुरोध

१. कमलपुर चोक देखि सन्तपुर सम्मको वाटो निर्माण
२. त्रियुगा नदीको पुल पश्चिम मुखवाट हेडवाँध चौतारी देखि शम्भु राईको घर हुँदै नमस्ते होटल सम्मको वाटो

बैठक संख्याः २७।२०८२

बैठक मितिः २०८३।१।३ गते, समयः बिहान ११:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

३. राम वहादुर कटुवालको घर देखि माछा फारम गेट सम्मको सडक

४. वडा नं.२ को सिमाना देखि वन कार्यालय हुँदै काफ्लेको घर सम्मको सडक

५. वडा नं. ८ को सुकदेव चौधरीको पसल देखि वडा नं.९ को पाटन टोल हुँदै कालोपत्र सडक सम्मको सडक

६. वडा नं. ११ चन्द्र नहरको मुख देखि प्रमोद चौधरीको घर हुँदै कमल दह सम्मको सडक

७. वडा नं. ६ को स्वास्थ्य चौकी देखि त्रियुगा वाँध सम्म साथै पुरानो स्कुल भवन सम्मको सडक कालोपत्रे

८. वडा नं.७ को वडा कार्यालय भवन हुँदै सुकदेव यादवको घर देखि त्रियुगा वाँधसम्मको सडक कालोपत्रे

९. वडा नं. ३ चित्र कुमारी श्रेष्ठको घर देखि पूर्व उदयपुरको सिमाना सम्म

१०. वडा नं. ५ को वडा कार्यालय भवन देखि क्लव घर र अस्पताल हुँदै सुकदेव चौधरीको घरसम्म सडक कालोपत्रे

११. वडा नं.२ को सत्य नारायण टोल विजय चौधरीको घर हुँदै फाराम जाने वाटो कालोपत्रे

निर्णय नं. ४

ससकोशी नगरपालिकाको लागि चालु आ.व.२०८२।०८३ मा नेपाल सरकार, राष्ट्रिय योजना आयोगवाट समपुरक अनुदान अन्तर्गत त्रियुगा मोक्ष धाम निर्माण योजनाको लागि बजेट रु.८७०००००।– (सतासी लाख) प्राप्त भएको र उक्त योजना निर्माणको लागि त्रिवर्षिय बजेट रु.७००००००।-(सात करोड न.पा. साझेदारी समेत) बजेट विनियोजन भएकोले ससकोशी नगरपालिका वडा नं.१ स्थित चन्द्र नहरको हेडवाँध छेउको त्रियुगा नदी किनारामा त्रियुगा मोक्ष धाम निर्माण गर्नको लागि प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्ने भएकोले सो को लागि परामर्शदाता ईन्डिभ्योर ईन्जिनियरिङ्ग सर्विसेज प्रा.लि., काठमाण्डौं-३२, पेप्सीकोला छनौट भई परामर्शदाताको तर्फवाट पेश हुन आएको त्रियुगा मोक्ष धाम निर्माणको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनको कार्यसूची स्वीकृत गर्ने निर्णय गरियो ।

बैठक संख्याः २७।२०८२
बैठक मितिः २०८३।१।३ गते, समयः विहान ११:०० वजे
स्थानः सप्तकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

**निर्णय नं. ५**

अन्य गाँउपालिका/नगरपालिकाहरुले गरेका विकास निर्माणको गतिविधि एवं सो नगरपालिकावाट सम्पादन हुने गरेका सेवा प्रवाहाको अवस्थाको विषयमा अध्ययन अवलोकन गरी असल अभ्यासहरुको सिकाईलाई सप्तकोशी नगरपालिकामा अवलम्वन गर्ने उदेश्यले सप्तकोशी नगरपालिकाका पदाधिकारी/जनप्रतिनिधि, नगर सभा सदस्यहरु एवं कर्मचारीहरुको टोलिवाट २०८२ चैत्र २६ गते देखि २०८२ चैत्र २९ गतेसम्म ईलाम जिल्लाको सूर्योदय नगरपालिका र ताप्लेजुङ्ग जिल्लाको फुङलिङ्ग नगरपालिकामा भ्रमण सम्पन्न गरी एक अर्को पालिका वीचको असल अभ्यास तथा सिकाईहरुको आदान प्रदान भएकोमा सो को समीक्षा गरी अगामी दिनमा उक्त असल अभ्यास तथा सिकाईहरुको अवलम्वन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

सप्तकोशी नगरपालिका वडा नं.४, वलार्दह निवासी नरेन्द्र मरिकलाई सरसफाई प्रकृतिको अन्य कर्मचारीले पाए सरहको मासिक सुविधा उपलव्ध गराउने गरी २०८३ वैशाख देखि २०८३ आषाढ मसान्त सम्मको लागि दैनिक ज्यालादारीमा कुचिकारको रुपमा कामकाज लगाउने निर्णय गरियो ।

**निर्णय नं. ७**

सप्तकोशी नगरपालिकालाई स्मार्ट सिटिको रुपमा विकसित गर्न, विद्यालयहरुलाई प्रविधि मैत्री पठन पाठन, एआई, डिजिटल पुस्तकालय साथै जनसेवालाई पेपरलेस वानउने र कृषकलाई प्रविधिसंग जोड्ने कार्यको लागि काठमाण्डौ विश्व विद्यालयसंग सहकार्य गर्ने निर्णय गरियो ।